**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**( ........................ शाखा)**
**त्रिपुरेश्वर,काठमाडौं, नेपाल ।**

पत्र संख्या :- ७९/८०
चलानी नम्बर :- ३०६०८

मिति : २०७९-०८-२७

**विषय :- कम्पनी अद्यावधिक, नाम परिवर्तन , ठेगाना परिवर्तन, पुँजी वृद्धी सहित प्रबन्धपत्र तथा नियमावली संसोधन अभिलेख सम्बन्धमा।**

**सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (लि. नं. १००६)**
विराटनगर महानगरपालिका-७,मोरंग,१

त्यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. ०७७/०७८ सम्मको बिवरणहरु पेश गरेको हुनाले उक्त आ.व.सम्मका बिवरणहरु अध्यावधिक रहेको तथा त्यस कम्पनीको मिति २०७९।०८।२८ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी ( सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि.) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनी ( सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड लि. ) ले सकार्ने व्यहोर्ने साथै कम्पनीको नाम परिवर्तनको सम्वन्धमा ३० (तीस) दिनभित्र राष्ट्रिय स्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सो को प्रति यस कार्यालयमा पठाउने र कम्पनीको लेटर हेडमा तलपट्टी साविक कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने साथै नामका सम्वन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड कायम गर्न स्वीकृति प्रदान गरिएको छ ।साथै कम्पनीको सोही मितिको वार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनीको ठेगाना विराटनगर उप.म.न.पा. वडा नं. -९,मोरंग,१ मा रहेको रजिष्टर्ड कार्यालयको ठेगाना स्थानान्तरण गरी विराटनगर महानगरपालिका-७,मोरंग,१ मा राख्न तथा कम्पनीको साविकको अधिकृत ,जारी र चुक्ता पूँजीलाई निम्न बमोजिम वृद्धि गर्न स्विकृती प्रदान गरिएको छ । साथै कम्पनीको प्रबन्धपत्रको दफा १, २ र ६ को खण्ड (क), (ख) र (ग) तथा नियमावलीको नियम १, २ मा गरेको संशोधन भएकोलाई समेत अभिलेख गरी अभिलेखित संशोधनहरुको १/१ प्रति यसै साथ पठाइएको व्यहोरा मिति २०७९।०८।२७ को निर्णयानुसार जानकारी गराइन्छ ।

| बिवरण | साविक | हाल बृद्धि गरिएको |
|---|---|---|
| अधिकृत पूँजी रु | ३,००,००,००,०००।- | ६,००,००,००,०००।- |
| जारी पूँजी रु | २,५५,०२,८२,१००।- | ४,५४,५५,७२,१००।- |
| चुक्ता पुँजी रु | २,५५,०२,८२,१००।- | ४,५४,५५,७२,१००।- |

(अर्जुन खड्का)
सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री नेपाल विमा प्राधिकरण , ललितपुर।
श्री नेपाल धितोपत्र वोर्ड, ललितपुर।
श्री नेपाल स्टक एक्स्चेन्ज लि. काठमाण्डौ।
श्री सिडिएससी लि. काठमाण्डौ।
श्री मध्यम स्तरिय कर कार्यालय , काठमाण्डौ ।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np